# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

# दोगडाकेदार गाउँपालिका
# बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ३५३

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
दोगडाकेदार गाउँपालिका,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले **दोगडाकेदार गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट **रु.१ करोड २२ लाख १९ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४५ लाख ६५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५५ लाख ३४ हजार र पेश्की बाँकी रु.२१ लाख २० हजार रहेको** छ । पालिकाको गत वर्षसम्म रु.८ करोड ७ लाख ५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.८ करोड ८९ लाख २७ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## दोगडाकेदार गाउँपालिका, बैतडी

### बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
### २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | २१ | १२२१९ | ० | ० | ० | ५३ | २१ | १२२१९ | ४५६५ | ० | ५५३४ | ० | ० | ५५३४ | २१२० |

### अद्यावधिक बेरुजु स्थिति
### २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ८०७०५ | ० | ३९९७ | ७६७०८ | ० | १२२१९ | ८८९२७ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : दोगडाकेदार गाउँपालिका, बैतडी , दोगाडाके गाउँपालिका , बैतडी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | RAVINDRA BAHADUR DHAMI | २०७६-९-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | PADAM BAHADUR KARKI | २०७६-९-१३ | |
| | | **बेरुजु रकम** | १२,२१८,७०४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९९,८८,५८५.३७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३८,५२,९५,६२० | **चालु खर्च** | २८,३४,६८,५८५.४३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,९५,३४,००० | **पूँजीगत खर्च** | १६,६०,५७,४९८.५ |
| **राजश्व बाँडफाँट** | ६,८१,१६,३७२.३७ | **वित्तीय/अन्य व्यवस्था** | ९,६०,०२,०११.५ |
| **आन्तरिक आय** | ९४,२१,४६७.८१ | | |
| **अन्य आय** | १०,१४,३५,९९३.५ | | |
| **कुल आय** | ५९,३८,०३,४५३.६८ | **कुल खर्च** | ५४,५५,२८,०९५.४३ |
| **बाँकी मौज्दात** | | ५,८३,९७,०७९.४८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस दोगडा केदार गाउँपालिका स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ८ वडा, ४८ सभा सदस्य, १२६ वर्ग किलोमिटर क्षेत्रफल तथा २४ हजार ६३२ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ। उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।६।१८ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**लेखापरिक्षणको क्रममा असुली :** संघिय शसर्त तर्फ वढी निकासा भएको रु ३ लाख ५० हजार र संघिय र प्रदेश शसर्त, विषेश तथा समपुरक तर्फको खर्च नभई वाँकी रहेको रु.२९९३८९०२। मिति २०७८।६।७ मा संघिय तथा प्रदेश सञ्चितकोष दाखिला भएको छ ।<br><br>**वित्तीय विवरणः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. १३७९००.० ले फरक देखिएको छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा | |

<table>
<tr><td></td><td></td><td></td><td>महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>जिम्मेवारी फरक परेको<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.११११९३९८।० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९९८८५८५।३७ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ११३०८१२।० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.</td><td>१,१३०,८१२</td></tr>
<tr><td>३</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>६</td><td>प्रकोप व्यवस्थापन कोष</td><td>३५३१९९.९९</td><td>२१५२९९.९९</td><td>१३७९००.०</td></tr>
</table></td><td>१३७,९००</td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु. १०१३६२६४।१५ पुजीगत खर्च खातामा रु. ८२४५४२९।१८ समेत गरी रु.३१३६३४८८।०४ मौज्दात रहेको पाईयो । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री पार्वती ऐरी कार्कीले मिति २०७७।३।१० गते रु.५५ करोड ४२ लाख ४४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१० मा पारित भएको छ।यसैगरी स्थानीय तहका प्रमुखले २०७७।४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | | |
| ६ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | | |
| ७ | | | **गत बर्षको दायित्व**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७६।७७ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७७।७८ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ । | | |
| ८ | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | | |

| क्र.स.स | बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च रकम रु हजारमा | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| १ | चालु खर्चतर्फ | २८३४६८ | ७०४५७ | ७७७७७ | १३५२३४ | ८३६०३ |
| २ | पूँजिगत खर्चतर्फ | १६६०५७ | ९८३४ | ३१२०१ | १२५०२२ | ८६४३९ |
| | जम्मा | ४४९५२५ | ८०२९१ | १०८९७८ | २६०२५६ | १७००४२ |
| | प्रतिशत | | १७.८६ | २४.२४ | ५७.९० | ३७.८३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४४ करवड ९५ लाख २५ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ८ करोड २ लाख ९१ हजार अर्थात १७.८६ प्रतिशत, दोश्रो चौमासिकमा रु.१० करोड ८९ लाख ७८ हजार, अर्थात २४.२४ प्रतिशत र तेश्रो चौमासिकमा रु.२६ करोड २ लाख ५६ हजार, अर्थात प्रतिशत ५७.९० खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१७ करोड ४२ हजार अर्थात ३७.८३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

९

**क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।



https://nams.oag.gov.np

| क्र.स | क्षेत्र | बजेट रु हजारमा | खर्च रु हजारमा | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ५९४१६ | ५३०८७ | ११.८१ |
| २ | पूर्वाधार विकास | ९४२१८ | ८६६०० | १९.२६ |
| ३ | सामाजिक विकास | २४१३६९ | २१६६१० | ४८.१९ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २१३३३ | १८६१२ | ४.१४ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९७६७८ | ७४६१४ | १६.६ |
| **जम्मा** | | **५१४०१४** | **४४९५२३** | १०० |

सामाजिक विकासमा ४८.१९ प्रतिशत खर्च गर्नु उपयुक्त देखिएतापनि पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउन नसकेको तथा वातावरण सुरक्षालाई प्राथमिकतामा राखेको पाईएन ।

१०

**खर्च बिश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ९४ लाख २१ हजार राजस्व बाँडफाँड र अनुदानबाट रु समेत रु ४४ करोड ९५ लाख २३ हजार आम्दानी भएकोमा चालु तर्फ रु २८ करोड ३४ लाख ६८ र पूँजिगत तर्फ रु १६ करोड ६० लाख ५७ हजार समेत रु ४४ करोड ९५ लाख २३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०९ प्रशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु १ करोड १८ लाख ६४ हजार खर्च भएको छ जुन आन्तरिक आयको १२६ प्रतिशत रहेको छ अर्थात आन्तरीक आय भन्दा २६ प्रतिशत वढी रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६३.०६ प्रतिशत चालु र ३६-९४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

११

**लक्ष्य प्रगति**

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १३४ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| १२ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९३ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ५१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ४२ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ६ पदमा ३२ जना कर्मचारीहरु करारमा राखि रु.८० लाख ८१ हजार खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा करार नियुक्ति गरी रकम खर्च गर्नु नियम सम्मत देखिदैन । | |
| १४ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१००००००।० ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु. | १,०००,००० |
| १५ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १६ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ८ दरबन्दी भएकोमा ७ पदपूर्ति भई १ रिक्त भएको देखियो । | |
| १७ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १३ वटा ऐन, ४ वटा नियमावली र ७ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br>**विवरण** – **जम्मा**<br>जन्मदर्ता – १७३६<br>मृत्युदर्ता – १६१<br>बसाईसराई दर्ता – ३२१<br>विवाह दर्ता – १८७<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा प्रवाहको अभिलेख राखेको देखिएन । | |
| १८ | | | **योजना छनौट र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश | |

योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि लाखसम्मका | रु ५ लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ७ | ४५ | ५२ | ३३ | १६ | १५५ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु ५० हजार देखि ५० लाख सम्मका जम्मा १५५ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ७ वटा योजनाहरु रहेका छन् । पालिकामा उपलब्ध थोरै श्रोतलाई धेरै योजनामा वढी खर्च गर्दा परिणाम नदेखिनुका साथै धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१९

**कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १३ वटा ऐन, ४ वटा नियमावली, ७ कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएकोछ ।

२०

**न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार बर्ष कुल ६ विवाद दर्ता भएकोमा सबै फछ्र्यौट भएको देखिन्छ ।

२१

**आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ।तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२२

**आन्तरिक लेखापरीक्षण शाखा**

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा नहुँदा आन्तरीक नियन्त्रण प्रणालीको अनुगमन कमजोर हुनेभएकाले

गाउँपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाउने तर्फ ध्यान दिनु पर्दछ ।

२३ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ११८६४५०० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ८ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य २७ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २५००० | २१००० | १५६००० | १३३००० | ३८००० | |
| २ | यातायात खर्च | १२०००० | १०८००० | ७२००० | ४३५०० | ९५०० | |
| ३ | टेलिफोन,मोबाइल | १२०००० | १००००० | ५६०००० | ३६०००० | १०८०००० | |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | १००००० | ९०००० | ६४०००० | ३६०००० | १०८०००० | |
| ५ | समन्वय तथा सहजीकरण | १८०००० | १४०००० | ९६०००० | ६००००० | १६२००० | |
| ६ | अतिथि सत्कार | २००००० | १८०००० | ११२००० | ० | ० | |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ७०००० | ६०००० | ३२०००० | २४०००० | ५४०००० | |
| ८ | चाडपर्व खर्च | २५००० | २२५०० | १२८००० | ५४००० | १८९००० | |
| | जम्मा | ८४०००० | ७२१५०० | ३९५६००० | १७९०५०० | ४५५६५०० | ११८६४५०० |

२४ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.६ लाख ९९ हजार खर्च गरेको छ । आन्तरिक आयको परिधिभित्र रही मितव्ययी रुपमा विविध खर्च गर्नुपर्दछ।

२५

**आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.१३ लाख २९ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२६

**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०७८।६।७ मा मात्र रु २९९३८९०२.० फिर्ता गरेको छ ।

| अनुदान दिने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २६२७५६२०।० | २४११३८५९९।० | २१६५७०२०.१५ |
| | विषेश | १००००००००.० | ८१८२५८८.० | १८१७४१२.० |
| | समपुरक | १५२००००००.० | १४४४७५३१.० | ७५२४६८.५० |
| **प्रदेश सरकार** | शसर्त | २९०८०००.० | २८११०६५.० | ९६९३५.० |
| | विषेश | ५४०००००.० | ५२८१७१५.० | ११८२८५.० |
| | समपुरक | १४२७९०००.० | ८७८१४११.० | ५४९७५८९.० |
| | **जम्मा** | ३१०५८२६२०. | २८०६४२९०९. | २९९३८९०२.० |

२७

**बार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१६ करोड ६० लाख ५७ हजार पूँजीगत खर्च गरेको छ । तर उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२८

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुई पांग्रे सवारि साधन खरिदमा रु३ लाख २ हजार, तथा २ थान चार पांग्रे सवारी साधन खरिदमा रु. ५२ लाख ५४ हजार समेत रु.५५ लाख ५७ हजार खर्च गरेका छन्।अर्थ मन्त्रालयको बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिकाको पालना हुनुपर्दछ ।

२९

**आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८१ लाख ५० हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु ९४ लाख २१ हजार अर्थात अनुमान भन्दा १५.५९ प्रतिशत वढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३०

**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । रकम रु हजारमा

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४९५२३ | ९४२१ | १.९१ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३१ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १०५००००.० | ११३४३८८.०९ | १०८.३४ |
| घरजग्गा वहाल कर | ३००००.० | ३६०००.० | १२० |
| व्यवसाय कर | ४०००००.० | २२९२००.० | ५७.३ |
| अन्य प्रशासनिक सेवा शुल्क | ७०००००.० | ११३२५४२.० | १६१.७९ |
| अन्य | ० | १६३७३८४।३९ | |
| | ८१५००००.० | ९४२१४६७।८१ | १.९४ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

३२ **असुली गर्न बाँकी आन्तरिक आय** ३०५,५००

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्र्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा देहायअनुसार व्यवसायिबाट रु३०५५००।० असुल गर्ने बाँकी रहेको छ ।

| सि.नं. | ठेकेदारको नाम | आय ठेक्काको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| १ | राम सि कार्की | दहत्तर बहत्तर | ७४६५००।० | ४४१०००।० | ३०५५००।० |

| | | | | |
|---|---|---|---|---|
| | | | तर उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन । जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्ने रु. | |
| ३३ | | | **राजश्व वाँडफाँड**<br>स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको वा घटी बाँडफाँड गरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्ने रु<br>**आय शीर्षक** / **संकलित रकम** / **प्रदेशलाई पठाउनु पर्ने ४० प्रतिशत** / **पठाएको रकम** / **पठाउन बाँकी रकम**<br>दहत्तर बहत्तर / १६५००००।० / ६६००००।० / ५६५०००।० / ९५०००।० | ९५,००० |
| ३४ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |
| ३५ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ८ वटा वडा तथा गाउँपालिकावाट विवरण अनुसार रु १०७७९९७०।७० प्राप्त गरेकोमा रु९४२१४६७।८१ दाखिला भए पनि वाँकी रु १३५८५०३।० राजश्व रकम दाखिला गरेको छैन । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ साथै यसरी बैक दाखिला नभएको अवधिको कार्यालयले एकिन गरी असुल गर्नुपर्ने रु | १,३५८,५०३ |
| ३६ | | | **सवारी कर** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सवारी कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष यस्तो कर उठाएको छैन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३७ | | | **मनोरञ्जन कर**<br>मनोरञ्जन कर : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३८ | | | **व्यवसाय कर**<br>व्यवसाय कर - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२ लाख २९ हजार २०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छून । तसर्थ पालिकाले आपृmनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३९ | | | **दहत्तर बहत्तर शुल्क**<br>दहत्तर बहत्तर शुल्क : सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । साथै उक्त ऐनमो दफा १२ मा यस ऐनमा उल्लेख गरिएको दरहरु आवश्यताअनुसार प्रदेश सरकारले मात्र परिवर्तन गर्ने सक्ने उल्लेख छ । जसअनुसार स्थानीय तहले ऐनमा तोकीएको भन्दा घटी हुने गरी दर निर्धारण तथा असूल गर्न सक्ने देखिदैन । चमेलिया नदीको आ ई ई प्रतिवेदन अनुसार वार्षिक ८०९९७ घ मी दहत्तर बहत्तर सकलन गर्न सकिने उल्लेख छ ।उक्त व्यवस्था अनुसार प्रदेशले तोकेको न्युनतम दर रु ७५ का दरले हिसाव गर्दा वार्षिक रु ६० लाख ७४ हजार ७७५ राजश्व सकलन हुने देखिन्छ । तर गाउँपालिकाले न्युनतम आय अनुमान समेत नवनाई आय ठेक्का व्यवस्था गरेकोले न्युन राजश्व रु१८८७५००।० मात्र कवोल भई सम्झौता भएको छ । जसले गर्दा पालिकालाई प्राप्त हुने भन्दा रु ४१ लाख ८८ हजार २७५ कम आम्दानी भएको छ । ऐनमा उल्लेख गरिएको दरहरु अनुसार राजश्व सकलन हुने गरी आय ठेक्का व्यवस्थापन हुनु पर्दछ । | |
| ४० | | | **मुल्य अभिवृध्दि कर**<br>मुल्य अभिवृध्दि कर– अभिवृध्दि कर ऐन २०५३ को दफा १५(३) वमोजिम नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपालस्थित अन्तर्राष्ट्रिय संघ, संस्था वा नियोग वा मूल्य अभिवृद्धि कर नलाग्ने वस्तुको कारोबार गर्ने सार्वजनिक संस्थानले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुल उपर गर्नु पर्ने व्यवस्था रहेको छ । | २४०,५७२ |

| | | | | |
|---|---|---|---|---|
| | | | निम्नानुसारको आय ठेक्कामा सकलन भएको मुल्य अभिवृध्दि कर रकम मुल्य अभिवृद्धि कर शिर्षकमा दाखिला भएको पाईएन ।उक्त रकम मुल्य अभिवृद्धि कर शिर्षकमा दाखिला गर्नुपर्ने रु | |

| **आय शीर्षक** | **संकलित रकम** | **मुल्य अभिवृध्दि कर** | **कैफियत** |
|---|---|---|---|
| दहत्तर बहत्तर | १८६४०००।० | २१४४४२।० | दाखिला नभएको |
| व्यवसायिक कर | २२७१३०।० | २६१३०।० | दाखिला नभएको |
| | जम्मा | २४०५७२।० | |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **मूल्य अभिवृद्धि कर कट्टी**<br>मूल्य अभिवृद्धि कर कट्टी – आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. १८३६९४.० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । | ३०१,६१८ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|
| | **सघ शसर्त** | | | |
| ६३।०७७।९।२४ | ग्लोबल मेडी ईक्वीपमेन्ट | ४३४५९५.० | ४९९९७.७ | २४९९८.८ |
| ११८।०७७।१२।१७ | मुनलाईट टेक्नीकल | ८३७५९९.० | ९६३६०.९ | ४८१८०.५ |
| १२९।०७८।१२।१७ | के वि ट्रेडर्स एण्ड सप्लायर्स | ३२३५६८.० | ३७२२४.६ | १८६१२.३ |
| ३२१।२०७८।३।२५ | कैपाल प्रिन्टिङ् प्रेस | ४००१३३.० | ४६०३३. | २३०१६.५ |
| | **समानिकरण पुँजिगत** | | | |
| २६।२०७७।८।१२ | ए वि ट्रेडर्स एण्ड सप्लायर्स | ४९८८८२.० | ५७३९३.५ | २८६९६.८ |
| २३।२०७७।८।९ | सु प सोलार कम्पनी | ४९५१३७.० | २३०९३.० | ११५४६.० |
| २।२०७७।६।१० | नागार्जुन ट्रेडर्स एण्ड सप्लायर्स | ४९७९६०.० | ५७२८७.४ | २८६४३.७ |
| | **समानिकरण चालु** | | | |
| २४।०७७÷६÷२६ | कान्तपुर ट्रेडिङ्ग हाउस | ३८,०५३०।०० | ४९,४६८ | २४,७३४।०० |
| ४२२।०७८÷३÷२१ | समिका रिसर्च एण्ड ट्रेनिङ्ग सेन्टर प्रा°लि° | ४,३८,०००।०० | ३४,१६४ | १७,०८२।०० |
| ४२७।०७८÷३÷२४ | शर्मा ईम्पेक्स धनगढी | ४,३९,६५९।९० | ३४,२९२ | १७,१४६।०० |
| | **जम्मा** | | | ३०१,६१८ |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.

४२ **प्राविधिक बिल र कार्य सम्पन्न**

प्राविधिक बिल र कार्य सम्पन्नः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४३

**लागत सहभागिता**

लागत सहभागिता — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४४

**जटिलसंरचना निर्माण**

जटिलसंरचना निर्माण – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| दैकगाढ लिफ्ट सिचाई नि उ स | लिफ्ट सिचाई योजना | ३८६६०५०।० |
| भगवती मा वि भवन नि उ स | आर सी सी भवन निर्माण | ४३११०९३।० |
| **जम्मा** | | |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४५

**शिक्षक दरवन्दी र पदपूर्ति**

शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | विभिन्न ५९ विद्यालयको | २०८ | २०२ | ८८ | ७८५१ |

श्री भूमिराज प्रा वि श्रीकोट कलौनामा २ शिक्षक दरवन्दी रहेकोमा २ मात्र विद्यार्थी लेक केदारमा २ शिक्षक वरावर १४ तथा हसकर श्रीकोटमा १ शिक्षक बराबर ७ विद्यार्थी रहेकोले उपरोक्त विद्यालयहरु उपयुक्त देखिएका अन्य विद्यालयहरुमा गाभ्नुपर्दछ।

४६

**बढी निकासा**

२२,१४७

आर्थिक कार्यविधि नियमावली, २०६४ मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । अवकाश प्राप्त शिक्षकलाई पनि निम्नानुसार रु. २२१४७।० रकम बढी निकासा खर्च लेखेको छ । तसर्थ बढी निकासा दिएको रकम असूल गरी सम्बन्धीत राजस्व दातामा दाखिला हुनुपर्ने रु.

| सि न | विद्यालयको नाम | विवरण | बढी भुक्तानी रकम |
|---|---|---|---|
| १ | रौलेश्वर मा वि | लिलाधर जोशिले २०७७।११।२० देखि राजिनामा दिएकोमा पुरै निकासा | १२६६०।० |
| २ | पञ्चदेवल महानन्द उ मा वि | देवदत्त जोशि २०७७।११।३ देखि राजिनामा दिएकोमा पुरै निकासा | ९४८७।० |
| | | जम्मा | २२१४७।० |

४७

**कार्यक्रम कार्यन्वयन पुस्तीकाको पालना नभएको**

१,०८७,३८७

नेपाल सरकार तथा पालिकाबाट विद्यालयहरुलाई वार्षिक कार्यक्रम अनुसार दिईने एकमुष्ट अनूदान तथा निकासा सम्बन्धमा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा उल्लेख भए अनुसार दिनुपर्ने कानूनी व्यवस्था छ । तर पालिकाले उक्त पुस्तीकामा उल्लेख भएभन्दा बढी हुने गरी निम्नानुसार पाठ्य पुस्तक तर्फ रु. १०,८७,३८७।० बढी निकासा दिएको देखियो । तसर्थ तोकीए भन्दा बढी निकाासा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्ने देखिएको रु.

| गो.भौ./मिति | विद्यालयको नाम | कार्यक्रम | बढी भुक्तान रकम |
|---|---|---|---|
| २९३।२०७८।३।२३ १८२।२०७८।२।१० | विभिन्न **विद्यालयको** | पाठ्य पुस्तक तर्फ | १०८७३८७।० |

| | | | | |
|---|---|---|---|---|
| ४८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २७० जनालाई रोजगारी उपलव्ध गराई रु.१३७३८८७४।८४ खर्च गरेको छ । लक्षित वर्गलाई १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४९ | | | **विद्यालय भवन निर्माण** | |
| ४९.१ | | | भवन निर्माणको क्रममा खन्ने तथा फाल्ने आईटम समावेश गरीएको छ तर रनिङ् विलको भुक्तानीमा फिलिङ् भनी एक मुष्ठ रु ४१०४४। भुक्तानी भएको देखियो। यसरी एका तर्फ फाल्ने आईटममा रकम समावेस भएको तथा पुन भर्ने कार्यको भनी भुक्तानी दिदा दोहोरो पर्ने देखिएकोले उक्त रकम असुल हुनुपर्ने रु | ४१,०४४ |
| ४९.२ | | | नगरपालिका अन्तर्गत श्रीकोट वहुमुखि क्याम्पस भवन निर्माणका लागि लागत अनुमान रु २८८२५९६०।० स्वीकृत गरी वोलपत्र हुँदा थोदुङ् भूमिराज केदार जे भी को रु१९५८५६३३।० स्वीकृत गरी २०७७।७।४ मा २०७८।३।१५ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षको अन्त सम्म रु १३९३९०८२।९७ भुक्तानी भएको छ । कार्य सम्पन्न गरी सक्नु पर्ने अवधि समाप्त भए पनि कार्य सम्पन्न भएको छैन । निर्माण कार्यको म्याद थप नभएको तथा समयमा कार्य सम्पन्न नभएकोमा संसोधित कार्यतालिका पेश भएको देखिएन । सम्झौता वमोजिमको काम सम्पन्न हुनुपर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>४९.३</td><td></td><td></td><td>प्रोभिजनल सम वापतको रकम खर्च लेख्दा कामको विल पेश भएको आधारमा हुनुपर्दछ । उल्लेखित अनुसारको ठेक्कामा निम्नानुसारको भुक्तानी भएकोमा सोको विल भरपाई पेश भएको छैन । उक्त खर्चको विलभरपाँई पेश हुनुपर्ने रु
<table>
<tr><td>सि न</td><td>विवरण</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>१</td><td>सेफ्टी ईक्वीपमेन्ट</td><td>५६५००।०</td><td>विल भरपाई पेश नभएको</td></tr>
<tr><td>२</td><td>गुणस्तर परीक्षण</td><td>६७८००।०</td><td>विल भरपाई पेश नभएको</td></tr>
<tr><td></td><td></td><td>१२४३००।०</td><td></td></tr>
</table></td><td>१२४,३००</td></tr>
<tr><td>५०</td><td></td><td></td><td>फिल्ड कटिङ्ग कार्य<br>नगरपालिका अन्तर्गत श्रीकोट वहुमुखि क्याम्पस फिल्ड निर्माण कालागि लागत अनुमान रु १९९६२४९।० स्वीकृत गरी वोलपत्र हुँदा भूमिराज केदार जे भी को रु१९१३५२१।० स्वीकृत गरी २०७८।१।२३ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षको अन्त सम्म रु १९८०१३४।२१ भुक्तानी भएको छ। यस निर्माण कार्य अन्तर्गत खरीद सम्झौता वमोजिम भुक्तानी रकमको पाँच प्रतिशत धरौटी कट्टा गर्नुपर्नेमा रु८७६१६।० कट्टा नभएको तथा खरीद सम्झौता वमोजिम कार्य सम्पादन जमानत राख्नु पर्ने रु९९८१२।१ समेत राखेको नदेखिएकोले उक्त धरौटी तथा कार्य सम्पादन जमानत लिनुपर्ने रु</td><td>१८७,४२८</td></tr>
<tr><td>५१</td><td></td><td></td><td>भेरियसन<br>सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ वमोजिम सम्झौता गर्दाका वखत पुर्वानुमान गर्न नसकिएको तर सम्झौता कार्यान्वयनको सिलसिलामा काम थप घट गर्नु परेमा प्राविधिक पुष्ट्याई सहित भेरियसन स्वीकृत गर्नुपर्ने व्यवस्था रहेको छ।क्यान्टीन निर्माणको लागत अनुमान रु १९९५०२८।० स्वीकृत गरी वोलपत्र हुँदा न्यु केदार नि से को रु१९८२७९३।० बोलपत्र स्वीकृत गरी २०७८।३।२३ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षको अन्त सम्म रु १६२१७५६।० भुक्तानी भएको छ। निर्माण कार्य अन्तर्गत विभिन्न प्रकारको कटीङ्ग कार्यको नयाँ आईटमको रु२०३१०५।० नयाँ दरमा भुक्तानी गरेकोमा भेरियसन स्वीकृत भएको देखिएन । प्राविधिक पुष्ट्याई सहित भेरियसन स्वीकृत गर्नुपर्ने रु.</td><td>२०३,१०५</td></tr>
<tr><td>५२</td><td></td><td></td><td>स्वास्थ्य पुर्वाधार<br>नगरपालिका अन्तर्गत स्वास्थ्य भवन निर्माणका लागि लागत अनुमान रु ११५६१३९१०।० स्वीकृत गरी वोलपत्र हुँदा राजेन्द्र ईन्द्र धनु उग्रतारा जे भी को रु८५१४६७२९।० स्वीकृत गरी २०७८।३।१८ मा २०८०।३।१७ सम्ममा कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा यस वर्षको अन्त सम्म पेश्कीमात्र रु. ८५ लाख</td><td>१,०५२,०९७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | भुक्तानी भएको छ । निर्माण व्यवसायी सग भएको खरीद सम्झौता वमोजिम खरीद सम्झौता भए पछि १० प्रतिशतले हुने रु ७४४७९०३।०पेश्की उपलब्ध गराउनुपर्नेमा रु.८५ लाख पेश्की दिएकोले वढी रु.१०,५२,०९७। पेश्की दिएको असुल हुनु पर्ने रु | |
| ५३ | | | **खरीद सम्झौता पेश नभएको**<br>१०।२०७७।८।१० रकम भुक्तानी गर्दा खर्च रकमलाई पुष्टि गर्ने कागजात सलग्न हुनुपर्दछ । विभिन्न योजनाको झोलुङ्गेपुलको निर्माण समाग्रीआपुर्ति तथा जडान गरेको भनी एस के ईन्जीनियरीङ् लाई रु २३,१०,७८५।० भुक्तानी भएकोमा खरीद सम्झौता तथा सोको विल अफ क्वान्टीटी पेश नभएकोले भुक्तानी रकम एकिन तथा भिडान गर्न नसकिएको रु | २,३१०,७८५ |
| ५४ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु .२६ लाख २६ हजार खर्च गरेको छ । यसरी खर्च गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कन्टिन्जेन्सी खर्चको अभिलेख राखि तोकिएको कार्यमा सिमाभित्ररही खर्च गर्नुपर्छ । | |
| ५५ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ५६ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने देखिन्छ । | |
| ५७ | | | **डीपीआर खर्च** | |

| | | | | |
|---|---|---|---|---|
| | | | बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।<br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| झम्क रिखाली लिफ्ट सिचाई | ईरोज ईन्जीनियरीङ् | २५० | २४८ | २५५९ |
| दश शैया असुपताल | आजश्वी आउट सोर्सीङ् | १८०० | १७३१ | १२९२४९ |
| दोगडा धाम पर्यटन विकास | मिखा ईन्टरप्राईजेज | ५०० | ४९८ | ४९७७२ |
| मौभेरी गाड कालागाउँ लिफ्ट | ईरोज ईन्जीनियरीङ् | २५० | २४८ | १९५४० |
| **जम्मा:** | | २८०० | २७२५ | २०११२० |

| | | | | |
|---|---|---|---|---|
| ५८ | | | **वढी व्यभार पारेको**<br>सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११८ वमोजिम सम्झौता गर्दाका वखत पुरवानुमान गर्न नसकिएको कार्यान्वयनका वखत थप परिमाणमा कार्य गर्नुपर्ने अवस्था देखिएमा भेरीयसन वाट थप परिमाणमा कार्य गर्न सकिने अवस्था रहेको छ। खपटेखोला सौर्य लिफ्टिङ् निर्माण कार्यको सुर्योदय उर्जा प्रा लि खरीद सम्झौता भएकोमा उक्त कार्य सम्पन्न भई रु२४२४६४१।० भुक्तानी भएको छ।उक्त निर्माण कार्य अन्तरगतनै सोही आपुर्तकवाट सोझै कार्य गराई निम्नानुसार वढी व्यय भार पारेको देखिएको छ । यसरी वोलपत्र वाट काम भई रहेको अवधिमा सोही भित्रको परिमाण सोझै खरीद कार्य गर्दा निम्नानुसार वढी व्यभार पारेको रु | २६५,५२५ |

| सि न | कामको विवरण | खरीद भएको परिमाण | सोझै खरीद दर | वोलपत्र दर | वढी दर | वढी व्ययभार रकम |
|---|---|---|---|---|---|---|
| १ | २ कोर कपर आर्म केवल | ६० sqm | ७५० | २०० | ५५० | ३३०००।० |
| २ | ३ कोर कपर आर्म केवल | ६७ sqm | १२७५ | ५०० | ७७५ | ५१९२५।० |
| ३ | ३३० सोलार पि भि | ४२ m | ६५०० | २२०० | ४३०० | १८०६००।० |
| | जम्मा | | | | | २६५५२५।० |

| क्र.सं. | | | विवरण | रकम |
|---|---|---|---|---|
| ५९ | | | **भ्रमण खर्च :**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् . • अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६० | | | **वितरण नभएको**<br>कृषक समुहका लागि खरीद भएको विउ विजनहरु नियमानुसार कृषकहरुलाई वितरण हुनुपर्छ । निम्नानुसारको कृषि विउ खरीद भएकोमा उक्त समुहहरुले कृषकहरुलाई वितरण गरी सोको प्रमाण पेश भएको देखिएन ।उद्वेश्य अनुसार वितरण गरी सोको प्रमाण पेश हुनुपर्ने रु | १६०,६६० |

| सि न | कृषक समुहको नाम | परिमाण के जी | दर रु | रकम रु |
|---|---|---|---|---|
| १ | गहुँ भूमिराज कृषक समुह | १५० गहुँ | ८० | १२०००।० |
| २ | केदार महिला कृषक समुह | २५० आलु | ८८ | २२०००।० |
| ३ | सृजनशिल हरियाली समूह | ५०० आलु | ८८ | ४४०००।० |
| ४ | भूमिराज कृषक समुह | २० आलु | ८८ | १७६०।० |
| ५ | हरियाली समूह | ५०० आलु | ८८ | ४४०००।० |
| ६ | खेतीगाउँ कृषक समुह | ५० आलु | ८८ | ४४००।० |
| ७ | कविराज भट्ट | ४०० आलु | ८८ | ३२५००।० |
| | | | | १६०६६०।० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | | | | **२४।२०७७।१२।३०**<br>दिनेश पोल्ट्री फर्मवाट कडकनाथ गिरीराज तथा लोकलजातका कुखुरा चल्ला रु४०० । प्रति गोटा का दरले ११७५ को रु ४७००००।० मा खरीद गरेकोमा १००० वटा वितरण भएकोमा १७५ वितरण भएको नदेखीएकोले उक्त विरणको भरपाई पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु | ७०,००० |
| ६२ | | | | **डोजर, लोडर, एक्साभेटर मर्मत**<br>पालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु.२२५८२४६।० खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले रु४५२७४००।० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ । | |


https://nams.oag.gov.np

| सि.नं | मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|---|
| १ | डोजर | १ | ३३८७३४।० | ५१४८००।० |
| २ | एक्साभेटर | १ | १९१९५१२।० | ४०१२६००।० |
| | जम्मा | | २२५८२४६।० | ४५२७४००।० |

| | | | | |
|---|---|---|---|---|
| ६३ | | | **सामाजिक सुरक्षा तर्फ**<br>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।यसरी नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण सूचना प्रणाली (एम.आई.एसं) मा प्रविष्टि नभएकोले नियमानुसार अद्यावधिक हुनुपर्दछ । | |
| ६४ | | | **सामाजिक सुरक्षा तर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यबिधि निर्देशिका, २०७५ बमोजिम बैंक बाट लाभग्राहीको खातामा चौमासिक रुपमा सामाजिक सुरक्षा भत्ता निकासा गर्नुपर्ने व्यबस्था छ। बैंकले लाभग्राहीको खातामा राखेको लाभग्राहीको नाम नामेसी र खाता नम्बर सहितको देखिने गरी ०७८।४।३२ सम्ममा बार्षिक वितरण गरेको सामाजिक सुरक्षा भत्ताको भरपाई प्रमाणित गरी पालिकामा पठाउनु पर्ने व्यबस्था छ। पालिकाले लेखापरीक्षण अबधि सम्म पनि बैंक बाट भरपाई प्राप्त भएको पाईएन भर्पाई प्राप्त गरी दोहोरो र नपाउने एकीन हुनुपर्दछ । बैंकले खातामा रहेको मौज्दातबाट लाभग्राहीको खातामा हस्तान्तरण गरिएको भत्ता मध्ये वितरण हुन नसकी बाँकी रहेका भत्ता संधीय सन्चित कोषमा जम्मा गर्नुपर्दछ । | |
| ६५ | | | **भर्पाई**<br>आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावलीको नियम २६ बमोजिम कारोबारको खर्च बमोजिमको भरपाई राख्नुपर्नेमा वडा कार्यालय ४ नं° का सचिब श्री गोबिन्द राज भट्ट ले रु ३७९७६००।०० पेश्की रकम फर्छ्यर्यौटमा सेवा ग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गरी रु ३७९३२००।०० को मात्र भर्पाइ पेश भएको हुँदा बाँकी रकम असुल गर्नुपर्ने रु | ४,४०० |
| ६६ | | | **समिति गठन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको | |

| | | | | |
|---|---|---|---|---|
| | | | पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |
| ६७ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू नगरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६८ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु ४२ लाख १७ हजार आम्दानी भएकोमा रु. ४० लाख २ हजार खर्च गरी बाँकी रु. २ लाख १५ हजार वाँकी देखिन्छ । पालिकाले नियममा तोकिएबमोजिम नियम बनाई कोष खडा गरेको छैन । ऐन तथा नियममा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६९ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ७० | | | **सरकारी तथ सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** | |
| ७०.१ | | | स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ: | |
| ७०.२ | | | पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ । | |

७१

**पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा नियमानुसार म्याद नाघेको पेश्की तोकिएको म्यादभित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले देहाय अनुसारका कर्मचारी,संस्थागत तथा ठेकेदारहरुलाई नियम अनुसार दिएको म्याद नाघेको पेश्की रु२१ लाख १९ हजार ९२१।० तथा म्याद ननाघेको पेश्की रु ८५ लाख फछ्र्यौट हुन वाँकी देखिएकोले नियममा व्यवस्था भए बमोजिम समयमै फर्छ्यौट गर्नुपर्दछ रु.

२,११९,९२१

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| २०७८।३।३१ | एकिकृत स्वास्थ्य पुरवाधार | राजेन्द्र ईन्द्रधनु उग्रतारा जे भी | | ८५००००००।० |
| २०७७।८।१९ | समपुरक कोष | रेडीयो शौगात | ६६००० | |
| २०७८।३।१६ | भौतिक निर्माण | भुमिराज मा वि चडेपानी | ३५०००० | |
| २०७७।९।२७ | झो पु निर्माण | गोल्सेरा झो पु निर्माण | ८५७००० | |
| २०७७।११।१२ | सडक निर्माण | वमन्यौरापाडी सडक निर्माण | १३०००० | |
| २०७७।१२।३० | जुकुना सिचाई | जुकुना सिचाई उ स | ९०००० | |
| २०७८।१।१६ | ढिक गाढ सोलाउना वगर | ढिक गाढ सोलाउना वगर उ स | १२०००० | |
| २०७८।३।९ | मेल्चौरा चयानी सडक | मेल्चौरा चयानी सडक उ स | २०००० | |
| २०७८।३।३० | आमेजार देउराली | कफल्डिगाढ झोलुङ्गे पुल | ४८६९२१ | |
| | | जम्मा | २११९९२१।० | ८५००००००।० |

७२

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| ८०७०५ | ३९९७ | ७६७०८ |

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौंटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | ०७६।७७ | ३५ | विल पेश नभएको | | ७८०८५.० | | | ७८०८५.० |
| २ | | ४४ | गुणस्तर प्रतिवेदन | | २४६९०५.० | | | २४६९०५.० |
| ३ | | ५८ | फाँटवारी नभएको | | ४०४०९९.० | ० | | ४०४०९९.० |
| ४ | | ६१ | दाखिला नभएको | | ६००००० | | | ६००००० |
| ५ | | ६९ | मु अ कर समायोजन | | ३१२४३९.० | | | ३१२४३९.० |
| ६ | | ७६ | न्यु केदार नि से को | | | | १००००००.० | १००००००.० |
| ७ | | ६६ | वितरण नभएको | | ४९८८८८.० | | | ४९८८८८.० |
| | | ७६ | गोल्सेरा झो पु | | | | ८५७०००.० | ८५७०००.० |
| | | | | | | | | **३९९७४१६.** |

७३

अध्यावधिक बेरुजु

यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ७६७०८ | ० | १२२१९ | ० | ८८९२७ |



https://nams.oag.gov.np